## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०५/१६ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसलाका आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| | **डा. श्रवण कुमार मिश्र**<br>**उमेश चौधरी**<br>**अमर दीप महतो**<br>**गुणानन्द प्रसाद साह**<br>**कर्मशिल प्रसाद गोप**<br>**मन मोहन मिश्र**<br>**सेभेन हिल्स प्रा.लि.**<br>**अनिल साह**<br>**राम उदगार यादव**<br>**मुद्दा नं. ०८१-CR-००८०**<br><br>**फैसला मिति: २०८२।११।१३** | **गैरकानुनी लाभ हानी पुर्याउने बद्नियतले कार्य गरी गराई भ्रष्टाचार गरेको समेत।** | **आयोगको माग दावी**<br>(क) प्रतिवादीहरु श्रवण कुमार मिश्र , गुणानन्द प्रसाद साह , उमेश चौधरी, अमरदीप महतो र कर्मशील प्रसाद गोपका लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ङ) र (ञ) बमोजिमको कसूरमा बिगो रु.५,०१,९०,०८०।- (अक्षेरुपी पाँच करोड एक लाख नब्बे हजार असी मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बमोजिम सजाय हुन, निज प्रतिवादीहरु श्रवण कुमार मिश्र , गुणानन्द प्रसाद साह , उमेश चौधरी, अमरदीप महतो र कर्मशील प्रसाद गोपका ले जानी जानी गलत प्रतिवेदन दिने कार्य गरेको हुदाँ सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन र प्रतिवादी श्रवण कुमार मिश्र लाई सोही ऐनको दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>(ख) प्रतिवादीहरु मन मोहन मिश्र र राम उदगार यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ङ) र (ञ) बमोजिमको कसूरमा बिगो रु.५,०१,९०,०८०।- (अक्षेरुपी पाँच करोड एक लाख नब्बे हजार असी रुपैयाँ मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>(ग) सेभेन हिल्स प्रा.लि., सिनामंगल, काठमाडौं र उक्त कम्पनीका सञ्चालक अनिल साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ङ) र (ञ) बमोजिमको कसुरको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुरमा बिगो रु. ५,०१,९०,०८०।- (अक्षेरुपी पाँच करोड एक लाख नब्बे हजार असी रुपैयाँ मात्र) कायम गरी | प्रतिवादी डा. श्रवणकुमार मिश्र, उमेश चौधरी र अनिल साह लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम जनही १ (एक) वर्ष कैद सजाय हुने, जरिवाना र बिगोको हकमा जम्मा बिगो रु.२,५६,६४,०००/- लाई दामासाही गरि हुन आउने रु.६४,१६,०००/- जनही जरिबाना गरी सोही बमोजिमको बिगो असुल उपर हुने, प्रतिवादी डा. श्रवणकुमार मिश्रलाई सोही ऐनको दफा २४ बमोजिम थप ६(छ) महिना गरी निजलाई जम्मा १ वर्ष ६ महिना कैद हुने र प्रतिवादी सेभेन हिल्स प्रा.लि.लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा १ को देहाय (ङ) र (ञ) तथा दफा १९(२) को कसुरमा गैरकानूनी लाभ लिई | प्रस्तुत मुद्दामा आर्थिक वर्ष २०७८।०७९ मा मधेस प्रदेश, सामाजिक विकास मन्त्रालय, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामबाट मधेस प्रदेश स्थित ६४ वटा स्थानीय तहमा जनस्वास्थ्य प्रयोगशाला (निदान केन्द्र) स्थापनाको लागि भएका खरिद सम्झौताहरु मध्ये ठेक्का नं. PPHL२/G/NCB/०५/२०७८-७९ मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ को उपदफा (३) खरिद कार्य गर्नु पूर्व गर्न खोजिएको कामको कुनै पूर्व तयारीका कार्य नगरी नगराई खरिद प्रक्रिया गरेको, खरिद प्रयोजनार्थ बजेट माग गर्नुपूर्व सम्भाव्यता अध्ययन, लाभ-लागत विश्लेषण, उपयुक्त खरिद विधिसमेतको अध्ययन विश्लेषण नगरी बजेट माग गरी, खरिद इकाईका अध्यक्ष गुणानन्द प्रसाद साह (ब.ल्या.टे.नि.), सदस्यहरु मन मोहन मिश्र (मे.ल्या.टे., अधिकृत सातौं) र राम उदगार यादव (ल्या.टे.नि., अधिकृत छैठौं) ले गुरुयोजना र पूर्व तयारी बिना खरिद कार्य अगाडि बढाएको देखिन्छ। मधेश प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९।०२।१९ को निर्णयानुसार ८ (आठ) जिल्लाको ६४ वटा पालिकाहरुमा प्रदेश निदान केन्द्र संचालन गर्न रु.२५,३८,५३,१२०।- (अक्षेरुपी पच्चिस करोड अड्तीस लाख त्रिपन्न हजार एक सय बीस मात्र) रकम स्वीकृत भएकोमा स्पष्ट आधार, कारण र औचित्यता बिना एउटा कार्यक्रमलाई दुई वटा ठेक्कामा टुक्र्याई चार वटा मात्रै स्वास्थ्य परीक्षण सम्बन्धी उपकरणहरू Fully Automated Hematology Analyzer, Fully Automated Biochemistry Analyzer, Microscope र Reagents ठेक्का नं. PPHL२/G/NCB/०४/२०७८-७९ बाट र अन्य उपकरण, फर्निचर समेत Colorimeter, Centrifuge, Pippete, Computer, Software, Printer, Table, Chair सोही आ.व. २०७८।७९ मा ठेक्का नं. PPHL२/G/NCB/०५/२०७८-७९ बाट खरिद गरेको देखिन्छ। उक्त ठेक्का नं. PPHL२/G/NCB/०५/२०७८-७९ को खरिद कार्यका लागि प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामको ल्याव अधिकृत कर्मशिल प्रसाद गोपले लागत अनुमान ने.रु.५,०१,९०,०८०।-(अक्षेरुपी पाँच करोड एक लाख नब्बे हजार असी रुपैयाँ मात्र) तयार गरी, वरिष्ठ ल्याब टेक्निसियन निरीक्षक गुणानन्द प्रसाद साहले पेश गरी, लेखा अधिकृत अमरदिप महतोले चेकजाँच गरी, वरिष्ठ ल्याव अधिकृत उमेश चौधरीले प्रमाणित गरी, निर्देशक डा. श्रवण कुमार मिश्रले लागत अनुमान स्वीकृत गरेको देखिदा प्रस्तुत मुद्दामा लागत अनुमान स्वीकृतिको निर्णय चरण देखि नै बदनियतपुर्वक खरिद कार्यको तयारी, खरिद आवश्यकताको पहिचान, खरिद सामाग्रीको प्रयोग गर्ने जनसंख्या र बिरामीको चाप, कुनकुन स्थानीय तहको लागि कुन क्षमताको उपकरण आवश्यक पर्ने हो सोको पहिचान तथा एकीन नगरी खरिद कार्य अगाडी बढाएको, खरिद प्रयोजनार्थ बजेट माग गर्नुपूर्व सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन (DPR), लाभ-लागत विश्लेषण, उपयुक्त खरिद विधि समेतको अध्ययन विश्लेषण नगरी बजेट माग गरेको, खरिद योजना र पूर्व तयारी सम्बन्धी कार्य नगरि विरामीको चाप भन्दा अस्वभाविक रुपमा बढी क्षमताको उपकरणहरू खरिद गरि गराई उपकरणहरूको अधिकतम उपयोग हुन नपाएको, एकमुष्ट विनियोजन भएको बजेट बिना आधार कारण टुक्राएर भागबण्डा मिलाई छुट्टा छुट्टै दुई वटा कार्यक्रममा खर्च गरेको देखिएको, कुनै एउटा बोलपत्रदाता कस्तुरी ट्रेड लिंक, काठमाडौंले लागत अनुमान तयार गर्ने प्रयोजनको लागि पेस गरेको दररेट हुबहु मिल्ने नगरि लागत अनुमान तयार गरि यति बढी क्षमताको उपकरण आवश्यक्ता नै नपर्ने स्थितिको वारेमा जानकारी हुदाँ हुदै सो अनुसारको लागत अनुमान तयार तथा स्विकृति गरि भ्रष्टाजन्य कसूर गरेको तथ्य स्थापित हुदाँ हुदै सो तथ्य एवं प्रमाणहरुको न्यायिक विवेचना नगरि घटी विगो कायम गरि केही प्रतिवादीहरुलाई मात्र आंशिक सजाय हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ ।<br>मधेस प्रदेश, सामाजिक विकास मन्त्रालय, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधाममा कार्यरत रहेका यि प्रतिवादीहरुले आर्थिक वर्ष २०७८।०७९ को ठेक्का नं. PPHL2/G/NCB/05/2078-79 मा खरिद कार्य गर्नु पूर्व गर्न खोजिएको कामको कुनै पूर्व तयारीका कार्य नगरी नगराई खरिद प्रक्रिया गरेको, खरिद प्रयोजनार्थ बजेट माग गर्नुपूर्व सम्भाव्यता अध्ययन, लाभ-लागत विश्लेषण, उपयुक्त खरिद विधिसमेतको अध्ययन विश्लेषण नगरी बजेट माग गरी, खरिद इकाईका अध्यक्ष गुणानन्द प्रसाद साह (ब.ल्या.टे.नि.), सदस्यहरु मन मोहन मिश्र (मे.ल्या.टे., अधिकृत सातौं) र राम उदगार यादव (ल्या.टे.नि., |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मुख्य कसूरदारहरुलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्याशं बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>क) प्रतिवादी डा. श्रवणकुमार मिश्रलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम १ (एक) वर्ष कैद सजाय हुने र सोही ऐनको दफा २४ बमोजिम थप ६(छ) महिना गरी जम्मा १ वर्ष ६ महिना कैद हुने ठहर्छ। जरिवाना र बिगोको हकमा जम्मा बिगो रु.२,५६,६४,०००/- लाई दामासाही गरि हुन आउने रु.६४,१६,०००/- जरिबाना गरी सोही बमोजिमको बिगो असुल उपर हुने ठहर गरी फैसला भएको देखिन्छ।<br>ख) प्रतिवादीहरु उमेश चौधरी र अनिल साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम १(एक) वर्ष कैद सजाय हुने र बिगोको हकमा जरिवाना र बिगोको हकमा जम्मा बिगो रु.२,५६,६४,०००/- लाई दामासाही गरि हुन आउने रु.६४,१६,०००/- का दरले निज प्रतिवादीद्वयलाई जरिबाना गरी सोही बमोजिमको बिगो असुल उपर हुने ठहर गरी फैसला भएको देखिन्छ।<br>ग) प्रतिवादी सेभेन हिल्स प्रा.लि.लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा १ को देहाय (ङ) र (ज) तथा दफा १९(२) को कसुरमा गैरकानूनी लाभ लिई मतियार भई दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिमको कसुर ठहर गरि सजायको हकमा जम्मा बिगो रु.२,५६,६४,०००/- लाइ दामासाही गरि हुन आउने रु.६४,१६,०००/- जरिबाना गरी सोही बमोजिमको बिगो असुल उपर हुने ठहर गरी फैसला भएको देखिन्छ।<br>(घ) प्रतिवादीहरु अमरदीप महतो, गुणानन्द प्रसाद साह, कर्मशीलप्रसाद गोप, मनमोहन मिश्र र रामउद्गार यादवले आरोपदावीबाट सफाई पाउने | मतियार भई दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिमको कसुर ठहर गरि सजायको हकमा जम्मा विगो रु.२,५६,६४,०००/- लाइ दामासाही गरि हुन आउने रु.६४,१६,०००/- जरिबाना गरी सोही बमोजिमको बिगो असुल उपर हुने ठहर गरी फैसला भएको देखिन्छ।<br>अन्य प्रतिवादीहरु अमरदीप महतो, गुणानन्द प्रसाद साह, कर्मशील प्रसाद गोप, मनमोहन मिश्र र राम उद्गार यादवले आफ्नो पदीय हैसियत बमोजिम निर्देशनात्मक कार्य गरेको र निजहरुको बदनियत पुष्टि हुने ठोस तथा वस्तुनिष्ठ प्रमाण वादी पक्षले पेस गर्न सकेको नदेखिदा निज प्रतिवादीहरुले आरोपदावीबाट सफाई पाउने ठहरी फैसला भएको देखिन्छ।<br>आरोप पत्रमा दावी गरिएको विगो रु.५,०१,९०,०८० | अधिकृत छैठौं) ले गुरुयोजना र पूर्व तयारी बिना खरिद कार्य अगाडि बढाएको देखिन्छ। मधेश प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९।०२।१९ को निर्णयानुसार ८ (आठ) जिल्लाको ६४ वटा पालिकाहरुमा प्रदेश निदान केन्द्र संचालन गर्न रु.२५,३८,५३,१२०।- (अक्षेरुपी पच्चिस करोड अड्तीस लाख त्रिपन्न हजार एक सय बीस मात्र) रकम स्वीकृत भएकोमा स्पष्ट आधार, कारण र औचित्यता बिना एउटा कार्यक्रमलाई दुई वटा ठेक्कामा टुक्र्याई चार वटा मात्रै स्वास्थ्य परीक्षण सम्बन्धी उपकरणहरू Fully Automated Hematology Analyzer, Fully Automated Biochemistry Analyzer, Microscope र Reagents **ठेक्का नं. PPHL2/G/NCB/04/2078-79** बाट र अन्य उपकरण, फर्निचर समेत Colorimeter, Centrifuge, Pippete, Computer, Software, Printer, Table, Chair सोही आ.व. २०७८।७९ मा **ठेक्का नं. PPHL2/G/NCB/05/2078-79** बाट खरिद गरेको देखिन्छ। उक्त ठेक्काको खरिद कार्यका लागि प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामको ल्याव अधिकृत कर्मशिल प्रसाद गोपले लागत अनुमान रू.५,२८,६५,९२०।- (अक्षेरुपी पाँच करोड अठ्ठाईस लाख पैंसठी हजार नौ सय बीस रुपैंया मात्र) तयार गरी, वरिष्ठ ल्याब टेक्निसियन निरीक्षक गुणानन्द प्रसाद साहले पेश गरी, लेखा अधिकृत अमरदिप महतोले चेकजाँच गरी, वरिष्ठ ल्याव अधिकृत उमेश चौधरीले प्रमाणित गरी, निर्देशक डा. श्रवण कुमार मिश्रले लागत अनुमान स्वीकृत गर्ने कार्य गरि खरिदका विभिन्न चरणमा आ- आफ्नो पदिय जिम्मेवारीको वेवास्ता गरि सप्लायर कम्पनिलाई फाइदा हुने गरि कार्य गरेको तथ्य अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट खटिएका प्राविधिक विज्ञ **ताचल निरौलाले अनुसन्धाको क्रममा पेश गर्नु भएको स्थलगत मुचुल्का सहितको प्राविधिक प्रतिबेदन एवं निजले अदालत समक्ष गरेको बकपत्र समेतवाट** प्रयोगशालामा उपलब्ध रेफ्रिजरेटरमा -१५ डिग्रि तापक्रम पुगेको नदेखिएको, उपलब्ध रेफ्रिजरेटरको डाटासेटहरुबाट तापक्रम -१५ डिग्रि नपुग्ने देखिएको तथ्य बकपत्रबाट पुष्टि हुन आएकोले उक्त प्राविधिक प्रतिवेदन एवं अदालत समक्ष गरेको बकपत्रलाई प्रमाण ऐन २०३१को दफा १८ बमोजिम स्विकार योग्य प्रमाणको रुपमा ग्रहण गरि फैसला गर्नु पर्नेमा उपरोक्त तथ्य एवं प्रमाण कागजातवाट यि प्रतिवादीहरु देखिदा देखिदै सामुहिक रुपमा निर्णय गरेको कार्यमा सो समुहमा संलग्न सवै प्रतिवादीहरुलाई समान सजाय गर्ने फौजदारी कानूनको सिद्धान्त (मुलुकी अपराध संहिता २०७४ को दफा ३१) विपरित प्रतिवादीहरु अमरदीप महतो, गुणानन्द प्रसाद साह, कर्मशील प्रसाद गोप, मनमोहन मिश्र र राम उद्गार यादवलाई आरोप दावीवाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>प्रस्तुत मुद्दामा नोक्सानी भएको विगो हकमा हेर्दा प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुधामले मधेश प्रदेशको ६४ (चौंसठी) वटा पालिकाहरुमा प्रदेश निदान केन्द्र स्थापना तथा संचालन गर्न खरिद प्रकिया गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद-२ नियम ३ मा खरिद कारबाहीको तयारी गर्नुपर्ने र नियम ३क. मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने भनिएकोमा कुन कुन स्थानीय तहमा के-कति जनसंख्या रहेको, उक्त स्थानीय तहको जनसंख्या र बिरामीको चापको विश्लेषण नै नगरी कुनकुन स्थानीय तहको लागि कुन क्षमताको उपकरण आवश्यक पर्ने हो पहिचान नगरी खरिद कार्य गरेको, ६४ (चौंसठी) वटा पालिकाहरुको लागि उपकरण खरिद गरिएकोमा ती ६४ (चौंसठी) वटा पालिकाहरु कुन कुन हुन भन्ने खुलेको नदेखिएको, खरिद प्रयोजनार्थ बजेट माग गर्नुपूर्व सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन (DPR), लाभ-लागत विश्लेषण, उपयुक्त खरिद विधि समेतको अध्ययन विश्लेषण नगरी बजेट माग गरिएको देखिएको, एउटा कार्यक्रमलाई आएको बजेट बिना आधार कारण खरिद कार्य टुक्राएर भागबण्डा मिलाएको, सम्झौताका शर्त विपरीत स्वीकृत स्पेसिफिकेशनमा उल्लिखित भन्दा कम फिचर भएका र स्पेसिफिकेशन भन्दा फरक र कम गुणस्तर तथा मूल्यका मालसामान खरिद गरेको देखिन्छ। मधेश प्रदेश, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरका निर्देशक डा. श्रवण कुमार मिश्र र वरिष्ठ ल्याव अधिकृत उमेश चौधरीले उक्त खरिद कार्यमा आपूर्तिकर्ता सेभेन हिल्स प्रा.लि., सिनामंगल, काठमाडौंसँग मिलेमतो गरी बदनियतपूर्वक स्वीकृत स्पेसिफिकेशन र बोलपत्रमा कबोल भए विपरीत कम फिचर भएका र कम मूल्यका मालसामानहरु स्पेसिफिकेशन बमोजिम नै रहेको भनी Post Delivery Inspection (PDI) प्रतिवेदन समेत तयार गरी गलत प्रतिवेदन पेश गरेको, मूल्याङ्कन समितिका अध्यक्ष वरिष्ठ ल्याब अधिकृत उमेश चौधरी, सदस्यहरु अमरदीप महतो (अधिकृत छैठौं), कर्मशील प्रसाद गोप (ल्याब अधिकृत) र सदस्य सचिव गुणानन्द प्रसाद साह (ब.ल्या.टे.नि.) तथा आमन्त्रित श्रवण कुमार मिश्र (निर्देशक) ले Post Delivery Inspection (PDI) प्रतिवेदन अनुसार Verification गर्दा नमूनाहरु बोलपत्रमा माग |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ठहर गरी फैसला भएको देखिन्छ।<br>ङ) उल्लिखित स्पेशिफिकेशनभन्दा फरक ठहर भएका उपकरण तथा सामानहरु प्रतिवादी सेभेन हिल्स प्रा.लि.ले फिर्ता पाउने ठहर गरी फैसला भएको देखिन्छ।सो बाहेकका अन्य आरोपदाबी पुग्न नसक्ने ठहर्छ। | ।- (अक्षेरुपी पाँच करोड एक लाख नब्बे हजार असी रुपैयाँ मात्र) को हकमा उपरोक्त अनुसार आंशिक दावी मात्र पुग्ने ठहर गरि फैसला भएको देखिन्छ । | भए बमोजिम देखिएको भनी भुक्तानीको लागि सिफारिस गरेको, खरिद इकाईका अध्यक्ष गुणानन्द प्रसाद साह (ब.ल्या.टे.नि.), सदस्यहरु मन मोहन मिश्र (मे.ल्या.टे., अधिकृत सातौं) र राम उदगार यादव (ल्या.टे.नि., अधिकृत छैठौं) ले गुरुयोजना र पूर्व तयारी बिना खरिद कार्य गरेको तथा निर्देशक डा. श्रवण कुमार मिश्रले सम्झौताको शर्त विपरीत कम गुणस्तरको मालसामान स्वीकार गरी गराई सेभेन हिल्स प्रा.लि., काठमाडौंलाई कार्य सम्पन्न नहुँदै मिति २०७९।०३।२५ को गो.भौ.नं. ४५ र ३६३ मार्फत् मु.अ.कर सहितको रकम जम्मा रु. ५,०१,९०,०८०।- (अक्षेरुपी पाँच करोड एक लाख नब्बे हजार असी मात्र) भुक्तानी भएको देखिँदा सोही विगोको (रु. ५,०१,९०,०८०।-) आधारमा सजाय गर्नु पर्नेमा विशेष अदालतवाट प्रतिवादी डा. श्रवणकुमार मिश्र, उमेश चौधरी र अनिल साहलाई विगो रु.२,५६,६४,०००/- मात्र कायम गरि जनही १ (एक) वर्ष कैद सजाय गरि सोही विगोलाई दामासाही गरि हुन आउने रु.६४,१६,०००/- जनही जरिबाना गरी सोही बमोजिमको बिगो असुल उपर हुने र कार्य सम्पन्न नहुदै भुक्तानी लिने प्रतिवादी सेभेन हिल्स प्रा.लि.लाई सोही ठहर विगो रु.२,५६,६४,०००/- लाइ दामासाही गरि हुन आउने रु.६४,१६,०००/- जरिबाना गरी सोही बमोजिमको बिगो असुल उपर हुने ठहर गरी भएको फैसला प्रमाण मुल्यांकनको रोहमा त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>प्रस्तुत मुद्दामा विशेष अदालतवाट सफाई हुने ठहर भएका प्रतिवादीहरुको हकमा हेर्दा **वरिष्ठ ल्याव टेक्निसियन निरीक्षक पदमा रहेका खरिद एकाईको अध्यक्ष प्रतिवादी गुणानन्द प्रसाद साहले** प्रतिवादीहरु डा. श्रवण कुमार मिश्र लगायत अन्य प्रतिवादीहरुलाई मिलेमतो गरि गैरकानूनी लाभ तथा नेपाल सरकार/प्रदेश सरकार/सार्वजनिक संस्थालाई गैरकानूनी हानी पुऱ्याउने बदनियतले ठेक्का नं. PPHL२/G/NCB/०५/२०७८-७९, Procurement of Equipment, IT Infrastructure, Software and Furniture for establishment of Pathology lab in Municipality अन्तर्गतको खरिद कार्यमा खरिद आवश्यकताको पहिचान नगरि, उपयोग गर्ने जनसंख्याको चापको विश्लेषण नै नगरी, खरिद प्रयोजनार्थ बजेट माग गर्नुपूर्व सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन (DPR), लाभ-लागत विश्लेषण, उपयुक्त खरिद विधि समेतको अध्ययन विश्लेषण नगरी बजेट माग गरिएको देखिएको, एउटा शिर्षकमा आएको बजेट बिना आधार कारण खरिद कार्य टुक्राएर देखिन्छ भने निज प्रतिवादी गुणानन्द प्रसाद साहले खरिद एकाईको अध्यक्ष भई माथि विवेचना गरे वमोजिम कार्य गरे गराएको, मूल्याङ्कन समितिमा सदस्य सचिव भई कार्य गरेको तथा भुक्तानीको लागी सिफारिस समेत गरेको देखिएकोमा सोही सिफारिसको समेत आधारमा सेभेन हिल्स प्रा.लि., सिनामंगल, काठमाडौंलाई भुक्तानी दिए लिएको देखिन्छ। यसरी सेभेन हिल्स प्रा.लि., सिनामंगल, काठमाडौं तथा उक्त कम्पनीको संचालक अनिल साहसमेत सँगको मिलोमतो तथा पूर्व नियोजित योजनामा अनुसन्धानबाट संकलित सवूद प्रमाणहरुको माथि विवेचना गरिए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ लगायतका प्रचलित कानूनको प्रतिकूल हुने गरी कार्य गरी गराई उक्त ठेक्का सोही कम्पनीलाई दिई सम्झौता गरी गराई सम्झौताका शर्त विपरीत स्वीकृत स्पेसिफिकेशनमा उल्लिखित भन्दा कम फिचर भएका र स्पेसिफिकेशन भन्दा फरक र कम गुणस्तर तथा कम मूल्यका मालसामान खरिद गरेको देखिएकोमा मालसामानहरु स्पेसिफिकेशन बमोजिम नै रहेको भनी बदनियतपूर्वक गैरकानूनी लाभ प्राप्तिका लागि Post Delivery Inspection (PDI) प्रतिवेदन समेत तयार गरी जानी जानी गलत प्रतिवेदन पेश गरी दिई दिन लगाई सोही वमोजिम रु.५,०१,९०,०८०।- (अक्षेरुपी पाँच करोड एक लाख नब्बे हजार असी रुपैयाँ मात्र) रकम भुक्तानी समेत गरे गराएको देखिएकोबाट निज प्रतिवादी गुणानन्द प्रसाद साहको सोही प्रतिवेदन अनुसार Verification गर्दा नमूनाहरु बोलपत्रमा माग भए बमोजिम देखिएको भनी प्रतिवेदन तयार गरी जानी जानी गलत प्रतिवेदन दिने कार्यको तथ्य पुष्टि हुन आएको देखिदा निज प्रतिवादीलाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा उक्त प्रमाण ग्रहण नगरी भएको फैसला त्रुटीपूर्ण देखिदा वदरभागी छ<br>अर्का प्रतिवादीहरु **उमेश चौधरी, अमरदीप महतो र कर्मशील प्रसाद गोप**को हकमा हेर्दा निज प्रतिवादीहरुले आफू तथा अन्य प्रतिवादीहरुलाई गैरकानूनी लाभ तथा नेपाल सरकार/प्रदेश सरकार/सार्वजनिक संस्थालाई गैरकानूनी हानी नोक्सानी पुर्याउने बदनियतले ठेक्का नं. PPHL2/G/NCB/05/2078-79, Procurement of Equipment, IT Infrastructure, Software and Furniture for establishment of Pathology lab in Municipality अन्तर्गतको खरिद कार्यमा सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद-२ नियम ३ मा खरिद कारबाहीको तयारी गर्नुपर्ने र नियम ३क. मा खरिद आवश्यकताको पहिचान गर्नु पर्ने भनिएकोमा कुन कुन स्थानीय तहमा के-कति जनसंख्या रहेको, उक्त स्थानीय तहको जनसंख्या र बिरामीको चापको विश्लेषण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | नै नगरी कुन कुन स्थानीय तहको लागि कुन क्षमताको उपकरण आवश्यक पर्ने हो पहिचान नगरेको, ६४ (चौंसठी) वटा पालिकाहरुको लागि उपकरण खरिद गरिएकोमा ती ६४ (चौंसठी) वटा पालिकाहरु कुन कुन हुन भन्ने यकिन गरेको नदेखिएको, खरिद प्रयोजनार्थ बजेट माग गर्नुपूर्व सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन (DPR), लाभ-लागत विश्लेषण, उपयुक्त खरिद विधि समेतको अध्ययन विश्लेषण नगरी बजेट माग गरे गराएको देखिएको, उक्त वदनियत पूर्ण खरिद कार्यमा प्रतिवादी उमेश चौधरीले लागत अनुमान पेश गर्ने, Post Delivery Inspection (PDI) प्रतिवेदन तयार गर्ने र प्रयोगशालाको मूल्याङ्कन समितिको अध्यक्ष भई अगाडि प्रक्रियाको लागि सिफारिस गर्ने कार्य गरेको देखिएको, प्रतिवादी अमरदीप महतोले लागत अनुमान चेकजाँच गर्ने, मूल्याङ्कन समितिको सदस्य भई प्रतिवेदन पेश गर्ने, भुक्तानीको लागि पेश गर्ने कार्य गरेको देखिएको, प्रतिवादी कर्मशील प्रसाद गोपले लागत अनुमान तयार गर्ने, जिन्सी प्रमुख भई काम गर्ने, प्रयोगशालाको मूल्याङ्कन समितिको सदस्य भई अगाडि प्रक्रियाको लागि सिफारिस गर्ने कार्य गरेको देखिन्छ। यसरी सेभेन हिल्स प्रा.लि., सिनामंगल, काठमाडौं तथा उक्त कम्पनीको संचालक अनिल साहसमेत सँग राष्ट्रसेवक कर्मचारीहरुको एक आपसको मिलेमतो तथा योजनामा माथि विवेचना गरिए वमोजिम सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ लगायतको प्रचलित कानूनको प्रतिकूल हुने गरी कार्य गरी गराई उक्त ठेक्का सोही कम्पनीलाई दिई सम्झौता गरी गराई सम्झौताका शर्त विपरीत स्वीकृत स्पेसिफिकेशनमा उल्लिखित भन्दा कम फिचर भएका, स्पेसिफिकेशन भन्दा फरक प्रकृतिका, कम गुणस्तर एवं कम मूल्यका मालसामान खरिद गरेको देखिदा देखिदै जानी जानी उक्त मालसामानहरु स्पेसिफिकेशन बमोजिम नै रहेको भनी बदनियतपूर्वक Post Delivery Inspection (PDI) प्रतिवेदन समेत तयार गरी जानी जानी गैरकानूनी लाभ प्रासिका लागि गलत प्रतिवेदन पेश गरी दिई दिन लगाई सोही वमोजिम रु.५,०१,९०,०८०।- (अक्षेरुपी पाँच करोड एक लाख नब्बे हजार असी रुपैयाँ मात्र) रकम भुक्तानी समेत गरि गराई नोक्सानी पुर्याएको तथ्य पुष्टि हुदाँ हुदै मिशिल संलग्न उपरोक्त आधार प्रमाणलाई अन्देखा गरि  प्रतिवादीहरुलाई सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपूर्ण देखिदा वदरभागी छ ।<br>अर्का प्रतिवादी मधेस प्रदेश, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामका मेडिकल ल्याब टेक्नोलोजिष्ट मन मोहन मिश्र र ल्याब टेक्निसियन निरीक्षक राम उदगार यादवको हकमा हेर्दा निज प्रतिवादीहरुले आफू तथा अन्य प्रतिवादीहरुलाई गैरकानुनी लाभ तथा नेपाल सरकार/प्रदेश सरकार/सार्वजनिक संस्थालाई गैरकानूनी हानी नोक्सानी पुर्याउने बदनियतले ठेक्का नं. PPHL2/G/NCB/05/2078-79, Procurement of Equipment, IT Infrastructure, Software and Furniture for establishment of Pathology lab in Municipality अन्तर्गतको खरिद कार्यमा सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद-२ नियम ३ मा खरिद कारबाहीको तयारी गर्नुपर्ने र नियम ३क. मा खरिद आवश्यकताको पहिचान गर्नु पर्ने भनिएकोमा कुन कुन स्थानीय तहमा के-कति जनसंख्या रहेको, उक्त स्थानीय तहको जनसंख्या र बिरामीको चापको विश्लेषण नै नगरी कुनकुन स्थानीय तहको लागि कुन क्षमताको उपकरण आवश्यक पर्ने हो पहिचान नगरेको, ६४ (चौंसठी) वटा पालिकाहरुको लागि उपकरण खरिद गरिएकोमा ती ६४ (चौंसठी) वटा पालिकाहरु कुन कुन हुन भन्ने यकिन गरेको नदेखिएको, खरिद प्रयोजनार्थ बजेट माग गर्नुपूर्व सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन (DPR), लाभ-लागत विश्लेषण, उपयुक्त खरिद विधि समेतको अध्ययन विश्लेषण नगरी बजेट माग गरे गराएको देखिएको उक्त वदनियत पूर्ण खरिद कार्यमा प्रतिवादीहरु मन मोहन मिश्र र राम उदगार यादवले खरिद इकाईको सदस्य भई बदनियत पूर्वक कार्य गरेको देखिन्छ। यसरी सेभेन हिल्स प्रा.लि., सिनामंगल, काठमाडौं तथा उक्त कम्पनीको संचालक अनिल साहसमेत सँगको मिलोमतो तथा योजनामा माथि विवेचना गरिए वमोजिम सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ लगायतको प्रचलित कानूनको प्रतिकूल हुने गरी कार्य गरी गराई उक्त ठेक्का सोही कम्पनीलाई दिई सम्झौता गरी गराई जम्मा रु.५,०१,९०,०८०।- (अक्षेरुपी पाँच करोड एक लाख नब्बे हजार असी रुपैयाँ मात्र) रकम भुक्तानी समेत गरि गराई नोक्सानी पुर्याएको तथ्य पुष्टि हुदाँ हुदै मिशिल संलग्न उपरोक्त आधार प्रमाणलाई अन्देखा गरि यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट मथुरा ढकाल समेत विरुद्ध नेपाल सरकार भएको मुद्दामा "भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानि मात्र पर्याप्त आधार होइन । अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो । प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने नै हुन्छ । साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुर्‍याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने" ने.का.प. २०७५ अंक ११ नि.नं.१०१४२ मुद्दामा प्रतिपादित सिद्धान्तको प्रतिकूल हुनेगरी उल्लिखित प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाइ हुने गरि विशेष अदालत काठमाडौबाट भएको उक्त फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।<br><br>उल्लिखित आधार, कारण तथा न्यायिक सिद्धान्त समेतका आधारमा प्रतिवादीहरु गुणानन्द प्रसाद साह, अमरदिप महतो, कर्मशिल प्रसाद गोप, मनमोहन मिश्र र राम उदगार यादव समेतलाई आरोप दावीबाट सफाई दिने र प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामका तत्कालीन निर्देशक डा. **श्रवण कुमार मिश्र,** सोही कार्यालयका तत्कालीन वरिष्ठ ल्याव अधिकृत (छैठौं तह) **उमेश चौधरी,** श्री सेभेन हिल्स प्रा.लि., काठमाडौंका सञ्चालक **अनिल साह र सेभेन हिल्स प्रा.लि.** लाई आरोप दावीभन्दा कम बिगो भराउने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा प्रस्तुत मुद्दाका उल्लिखित प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय हुन सम्मानित अदालत समक्ष अनुरोध छ। |